**कोरोना भाइरससम्बन्धी प्रदेश ५ को अवस्था**
**बाँके। ०७६ वैशाख ४ गते**

प्रदेश स्तरीय मानव अधिकार अनुगमन समितिमा इन्सेक प्रदेश ५ का संयोजक भोला महत मनोनित भएका छन् । वैशाख ४ गते बसेको प्रदेश स्तरीय बैठकले संयोजक महतलाई मनोनित गरेको हो । राष्ट्रिय मानव अधिकार आयोगले तयार पारेको कोभिड-१९ को सन्दर्भमा मानव अधिकार अनुगमन कार्यविधि अनुसार प्रदेश स्तरीय मानव अधिकार अनुगमन समिति गठन गरिएको छ ।

प्रदेश स्तरीय अनुगमन समितिमा आयोगका प्रदेश कार्यालय प्रमुखको संयोजकत्वमा नेपाल बार एशोसियसन, नेपाल पत्रकार महासंघ र गैर सरकारी संस्था महासंघका प्रदेश अध्यक्ष वा महासंघले तोकेको प्रतिनिधि रहने गरी प्रदेश स्तरीय अनुगमन समिति गठन हुने र प्रदेश स्तरीय अनुगमन समितिमा थप सदस्यको आवश्यकता महसुस भएमा प्रदेशमा क्रियाशील एक जना मानव अधिकारकर्मीलाई प्रदेश समितिले मनोनित गर्न सक्ने व्यवस्था रहेको छ । उक्त व्यवस्था अनुसार प्रदेश स्तरीय समितिले अनुगमन समितिको कार्यविधि अनुसार इन्सेक प्रदेश कार्यालयलाई पनि मनोनयन गरेको छ ।

**इन्सेक पाल्पा जिल्ला प्रतिनिधि यज्ञमूर्ति तिमिल्सिना**का अनुसार जिल्लामा लकडाउनमा थप कडाइ गरिएको छ । कोरोना भाइरस सङक्रमण रोकथाम नियन्त्रण उपचारमा सहयोग, समन्वय,सहजीकरण र अनुगमन लगायतका कार्यहरू प्रभावकारी रुपमा गर्न जिल्ला स्तरीय सिसिएमसि बैठकबाट गठन गरिएको आपूर्ति व्यबस्थापन समितिको बैठकले जिल्लाको खाद्यान्न व्यवस्थापन गराउन निर्णय गरेको छ ।

बाहिरी जिल्लाबाट आउने तरकारीजन्य पदार्थहरूको आयातमा हाललाई रोक लगाउने निर्णय भएको छ ।

**नवलपरासी पश्चिम जिल्ला प्रतिनिधि नारायण पराजुली**का अनुसार विपन्न र दैनिक ज्याला मजदुरी गरेर गुजारा चलाउने मजदुरहरूलाई यस अघि वितरण गरिएको खाद्यान्नको गुणस्तरियतामा प्रश्न उठेपछि रोकिएको राहत वितरण र पुन: वितरण गर्ने रामग्राम नपाले जनाएको छ । यस अघि वितरण गरिएको राहत गुणस्तरहीन रहेको थियो ।

**इन्सेक रोल्पा जिल्ला प्रतिनिधि हरिसरा घर्ती**का अनुसार कोरोनाको भाइरस रोकथाम तथा सङ्क्रमण हुन नदिनकालागि रोल्पामा विभिन्न गैरसरकारी सङ्घ संस्थाहरू पनि उत्तिकै जिम्मेवारी बन्दै छन् । विपद्को यस घडीमा रुन्टिगढी गाउँपालिकालाई अष्ट्रेलियन एड आन्ड्रा नेपाल र रुडास नेपालको सहकार्यमा सञ्चालित कृषि तथा जीविकोपार्जन प्रवर्द्धन परियोजनाले स्वास्थ्य सामाग्री सहयोग गरेको छ । परियोजनाले ४८ बोतल फिनाइल, ४८ बोटल स्प्रीट, ३ हजार थान ग्लोवस , ६४ थान सेनिटाइजर ५ सय थान मास्क हस्तान्तरण गरेको गोल परियोजनाका वासुदेव पोखेलले जानकारी दिनु भयो । साथै रुन्टिगढी गाउँपालिकाले वैशाख ४ गते ९० घरधुरी विपन्न परिवार तथा मजदुरहरूलाई खाद्यान्न वितरण गरेको छ ।

**इन्सेक कपिलवस्तु जिल्ला प्रतिनिधि पार्वती आचार्य**का अनुसार लकडाउनको २४ दिन सम्म आईपुग्दा जिल्लाको अवस्था सामान्य रहेको छ । सिमाक्षेत्रलाई कडाइ गरिएसँगै सिमासुरक्षा बलका सशस्त्र प्रहरीहरू अस्थायी पोष्टहरू निर्माण गरि २४ घण्टा खटिएका छन् ।

जिल्लाका सम्पूर्ण स्थानियतहका गरिव, विपन्न र असङ्गठित मजदुरहरुका १० हजार १८ घर परिवारलाई राहत वितरण गरिएको जिल्ला प्रशासन कार्यालयले जनाएको छ ।

जिल्लामा हाल सम्म ५ सय ५ जनाको आरडीटी जाँच भएकोमा सबैको रिपोर्ट नेगेटिभ देखिएको छ । स्थानीय तहहरूले बाहिरबाट आएकालाई प्रवेशमा कडाइ गरेका छन् ।

**इन्सेक दाङ जिल्ला प्रतिनिधि जयनारायण पुन**का अनुसार नेपाल भारत सिमा क्षेत्रमा लुकेर आवत जावत गर्नेलाई रोक्न सिमा क्षेत्रमा अस्थायी सुरक्षा पोष्ट स्थापना गरिएको छ । सालभौरी, भौवा, गुरुङ र पटौली लगायतका सिमा नाका सशस्त्र प्रहरीको अस्थायी पोष्ट स्थापना गरिएको प्रमुख जिल्ला अधिकारी गोविन्दप्रसाद रिजालले जानकारी दिनुभयो । जिल्ला प्रशासन कार्यालयका अनुसार चार वटा नाकामा स्थायी पोष्ट स्थापना गरिएको र यसअघि कोइलावास, सुनपथरी र खाडग्रा गरी तीनवटा नामा सशस्त्र प्रहरीको पोष्ट स्थापना गरिएका थिए ।
यसैगरी घोराही उपमनपाले वैशाख ४ गते सूचना जारी गरी राहत वितरणलाई एकद्बार प्रणालीबाट वितरण गर्न दाताहरुलाई आग्रह गरेको छ ।
**जिल्लामा** हालसम्म कोरोनाको सङ्क्रमणको आशङ्कामा वेलझुण्डीस्थित कोरोना विशेष अस्पतालमा रहेका आठ जनाको स्वाव परीक्षणका लागि पठाइएको छ । भने ५१ जना क्वारेण्टाइनमा रहेका छन् ।
**इन्सेक प्यूठान जिल्ला प्रतिनिधि रविन्द्र पाण्डे**का अनुसार जिल्लामा ६० जनामा आरडीटी परीक्षण गरिएकोमा सबै जनाको रिपोर्ट नेगेटिभ आएको छ । १४ दिनसम्म क्वारेण्टाइमा बसेका उनीहरूलाई थप एक हप्ता होम क्वारेण्टाइनमा बस्न लिखित सम्झौता गरिएको सहायक प्रमुख जिल्ला अधिकारी गौरव पन्थीले बताउनु भयो ।
अहिले जिल्लाका बिभिन्न स्थानिय तहमा ४४ जना क्वारेण्टाइनमा राखिएको र थपिनेने सङख्याया बढदै गएको सहायक प्रमुख जिल्ला अधिकारीले बताउनु भयो । हाल स्वर्गद्धारी नपामा १७, प्यूठान नपामा, १ ,ऐरावती गाँउपालिकमा ३, सरुमारानि गाँउपालिकामा १२, नौवहिनी गाँउपालिकामा ५, झिमरुक गाँउपालिकामा २, माण्डवी गाँउपालिकमा ३ र गौमुखी गाँउपालिकमा १ जना व्यक्ति क्वारेन्टाईन्मा रेहेका स्थानिय तहहरुवाट जानकारी आएको छ ।
**इन्सेक बाँके जिल्ला प्रतिनिधि स्मृति देवकोटा**का अनुसार नेपाल भारत दशगजा क्षेत्रमा राखिएको १ सय ८१ जनाको नेपालगञ्ज उपमनपा समन्वयमा गरिएको आरडिटी परीक्षणमा सबैको रिपोर्ट नेगेटिभ देखिएको नेपालगञ्ज उपमनपाका स्वास्थ्य शाखा प्रमुख रामबहादुर चन्दले बताउनु भयो । उनीहरूलाई घर पठाउनका लागि गाडी व्यवस्था गरिएकोमा स्थानीय प्रशासनले गृहमन्त्रालयमा सम्पर्क गर्दा नपठाउने निर्देशन आएको प्रमुख जिल्ला अधिकारी कुमारबहादुर खड्काले बताउनु भयो । जिल्लामा वैशाख ४ गतेसम्म पिसिआर र आरडिटी विधिबाट परीक्षण गरिएका २ सय ७९ जनामा कोरोना नेगेटिभ देखिएको छ ।
प्रदेश स्तरीय मानव अधिकार अनुगमन समितिमा इन्सेक प्रदेश ५ का संयोजक भोला महत मनोनित भएका छन् । वैशाख ४ गते बसेको प्रदेश स्तरीय बैठकले संयोजक महतलाई मनोनित गरेको हो । राष्ट्रिय मानव अधिकार आयोगले तयार पारेको कोभिड-१९ को सन्दर्भमा मानव अधिकार अनुगमन कार्यविधि अनुसार प्रदेश स्तरीय मानव अधिकार अनुगमन समिति गठन गरिएको छ ।
प्रदेश स्तरीय अनुगमन समितिमा आयोगका प्रदेश कार्यालय प्रमुखको संयोजकत्वमा नेपाल बार एशोसियसन, नेपाल पत्रकार महासंघ र गैर सरकारी संस्था महासंघका प्रदेश अध्यक्ष वा महासंघले तोकेको प्रतिनिधि रहने गरी प्रदेश स्तरीय अनुगमन समिति गठन हुने र प्रदेश स्तरीय अनुगमन समितिमा थप सदस्यको आवश्यकता महसुस भएमा प्रदेशमा क्रियाशील एक जना मानव अधिकारकर्मीलाई प्रदेश समितिले मनोनित गर्न सक्ने व्यवस्था रहेको छ । उक्त व्यवस्था अनुसार प्रदेश स्तरीय समितिले अनुगमन समितिको कार्यविधि अनुसार इन्सेक प्रदेश कार्यालयलाई पनि मनोनयन गरेको छ
**इन्सेक गुल्मी जिल्ला प्रतिनिधि टोपलाल अर्याल**का अनुसार जिल्ला अस्पताल तम्घासमा आधुनिक कोरोना परिक्षण तथा ज्वरो क्लिनिक कक्ष सञ्चालनमा आएको छ । शुभलक्ष्मी फर्माको सहयोगमा

स्थापना गरिएको कक्षको प्रमुख जिल्ला अधिकारी भरत कुमार शर्माले उद्घाटन गर्नु भएको थियो । प्रजिअ शर्माले सङ्क्रमण न्यूनिकरणमा सामूहिक प्रयासको नमुनायोग्य उदाहरण भएको बताउनु भयो ।
इन्सेक बर्दिया जिल्ला प्रतिनिधि मानबहादुर चौधरीका अनुसार क्वारेण्टाइनमा रहेका २ सय ९१ जना आरडीटी परीक्षण गरिएको छ । हालसम्म गरिएको परीक्षण रिर्पोट अनुसार सबैमा नेगेटिभ देखिएको छ । हालसम्म १७ जनाको स्वाव परीक्षण गरिएकोमा सबैको रिर्पोट नेगेटिभ आएको छ ।
जिल्लामा हाल आइसोलेशनमा कक्षमा बसेका ६ जनाको स्वाव परीक्षण गरिएकोमा सबैको रिर्पोट नेगेटिभ देखिएको छ । जिल्ला बाहिरबाट वैशाख ४ गते जिल्ला प्रवेश गर्ने १ सय २६ जनालाई स्थानीय तहले होम क्वारेण्इटाइनमा पठाएको छ । जिल्लामा हालसम्म ९ हजार २ सय ५ जनालाई खाद्यान्न राहात बितरण गरिएको छ ।
**इन्सेक रुकुम पूर्व जिल्ला प्रतिनिधि जयमान बुढा मगरका** अनुसार, ज्याला, मजदुरी गरेर खाने र असहाय घरपरिवारको लगत सङ्कलन गरी राहत वितरण र कोरोना भाइरसको सङ्क्रमण हुन नदिनका लागि सचेतनाका कार्य र सरसफाईका कामलाई प्राथमिकताका साथ अगाडि बढाइएको छ ।
भूमे गाउँपालिकाले वडामा विपन्न घरपरिवारको लगत सङ्कलन गरी सोही अनुसार राहत वितरण भइरहेको गाउँपालिकाका अध्यक्ष रामसुर बुढा मगरले बताउनु भयो । गाउँपालिकामा हालको जनसंख्या २१ हजार २ सय ४१ जना रहेकोमा ४ हजार ७ सय २८ घरधुरी छ । जसको लागि 'एक व्यक्ति एक माक्स , 'एक घर, एक हात धुने साबुन' वितरणको साथै सचेतनाको कार्यलाई तीव्र पारिएको अध्यक्ष बुढा जानकारी दिनुभयो ।
यसैगरी थर्मल गन, पीपीई जस्ता स्वास्थ्यकर्मीको प्रयोगमा आउने सामाग्री अपुग रहेको गाउँपालिकाले जनाएको छ ।
एम्बुलेन्स विहीन रहेको रहेकोमा प्रदेश ५ को सामाजिक विकास मन्त्रालयले जिल्ला अस्पतालको रेखदेखमा रहने गरी एम्बुलेन्स पठाइ दिने भएको प्रदेश ५ का सभामुखकास्वकीय सचिव धुव्रविक्रम ओलीले जानकारी दिनुभयो ।
**इन्सेक रुपन्देही जिल्ला प्रतिनिधि रीमा बिसी**का अनुसार लकडाउनका कारण खाद्यान्न सङ्कट भोगेका परिवारलाई राहत दिन तिलोत्तमा नगरपालिकामा 'खाद्य बैंक' स्थापना गरिएको छ ।
खाद्य बैंक स्थापनाका लागि उद्योगी, व्यवसायी, नगरवासी, सहयोगी जो कसैले स्वेच्छिक रूपमा खाद्य सामाग्री जम्मा गर्न सक्ने गरी खाद्य बैंकको अवधारणा ल्याइएको हो । नगरपालिकाले यसअघि नैं नगद सङ्कलनका लागि बैंक खाता खोलिसकेको छ ।
यसैगरी प्रदेश जनस्वास्थ्य प्रयोगशालामा अहिलेसम्म १ सय २६ जना कोरोनाका शङ्कास्पद व्यक्तिहरूको नमूना परिक्षण गरिएको छ । जसमा १ सय २ जनाको रिपोर्ट नेगेटिभ आएको र २४ जनाको रिपोर्ट आउन बाँकी रहेको डा. राजेन्द्र कुमार गिरीले बताउनु भयो ।
जिल्लामा हाल १ सय ५० जना व्यक्ति क्वारेण्टाइनमा रहेका जिल्ला प्रहरी कार्यालयका डिएसपी खडकबहादुर खत्रीले बताउनु भयो ।
**इन्सेक प्रदेश ५ कार्यालय, नेपालगञ्ज**